मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# DSILVER १००० ग्राम [DSILVER1000GM] का लागि पालना गर्नुपर्ने प्रक्रिया र नियम

## १) DSILVER१००० ग्राम (भौतिक हस्तान्तरण)मा कारोबार गर्न

- यस करारमा कुनै पनि व्यक्ति वा संस्थाले कारोबार गर्न सक्नेछन् ।
- कुनै पनि ग्राहकले यसमा कारोबार गर्नलाई सेन्चुरी कमर्सियल बैंक लिमिटेडमा आफ्नो खाता खोलेको हुनुपर्नेछ ।

## २) सामान्य नियम

- भौतिक हस्तान्तरण अनिवार्य छ ।
- करार T + १५ दिनका लागि वैध रहनेछ । (T अर्थात् ग्राहकले कारोबार शुरु गरेको दिन हो र १५ दिनले त्यसपछिको लगातारको १५ दिन जनाउनेछ । )
- इक्विटी हिट लेभल 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' हुनेछ ।
- करार समाप्ति परिसमापन, सोमवार र बिहीबार दिउँसोको ३ बजे र शुक्रबार दिउँसोको १ बजे हुनेछ । शनिवार र आइतबार पर्ने करार समाप्ति अघिल्लो दिनको (शुक्रबार) बजार बन्द हुन पूर्व र बजार बिदामा पर्ने करार समाप्ति अघिल्लो दिनको बजार बन्दपूर्व हुनेछ ।
- ग्राहकले आंशिक भौतिक हस्तान्तरण लिन पाउने छैनन् । जस्तै : यदि कुनै ग्राहकले एकपटकमा दुई लटको पोजिसन लिनुभएको छ भने वहाँले दुबै लटलाई एकैपटक राफसाफ गर्नुपर्नेछ । त्यसमध्ये एक लटको मात्र भौतिक हस्तान्तरण लिन पाइने छैन ।
- मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर):
  - ✓ खुला आदेशमा देखाइएको नाफा (Floating Profit) ले ग्राहकको इक्विटीमा कुनै प्रभाव पार्ने छैन ।
  - ✓ खुला आदेशमा देखाइएको नोक्सान (Floating Loss) ले ग्राहकको इक्विटीमा प्रभाव पार्नेछ ।
- T + १५ दिनपछिको भण्डारण शुल्क निम्न स्थितिमा लाग्नेछन् :
  ग्राहकले पूरा रकम तिरिसकेर पनि चाँदीको भौतिक हस्तान्तरण नलिएको अवस्थामा, हस्तान्तरण नलिएसम्मनको भण्डारण शुल्क आनन्द ज्वैलर्सले तोकेबमोजिम हुनेछ ।

## ३) हस्तान्तरण र राफसाफ प्रक्रिया

**विस्तृत प्रक्रिया :**

- ग्राहकले प्रारम्भिक मार्जिनका रुपमा 'कुल करार मूल्यको १०% + कमिसन' रकम जम्मा गरी कारोबार सुरु गर्न सक्नेछ ।
- ग्राहकले बाँकि ९०% रकम पोजिसन लिएको १५ औं दिनको दिउँसोको १२ बजेभित्र बैंकमा रहेको आफ्नो खातामा जम्मा गरि चाँदी लिन सक्नेछ । पूरा रकम बुझाइसकेपछि ग्राहकको खुल्ला पोजिसनलाई बन्द गरिनेछ र ग्राहकले चाँदी लिन सक्नुहुनेछ ।
- ग्राहकले पूरा रकम चुक्ता गरिसकेपछि पनि चाँदीको हस्तान्तरण नलिएको खण्डमा, चाँदी नलिउन्जेलको दिनसम्मका लागि भण्डारण शुल्क लाग्नेछ ।
- माथि उल्लेखित सामान्य अवस्थामा, ग्राहकको आदेश उसको Open Price (खरिद मूल्य) मै परिसमापन गरिनेछ ।
- भौतिक हस्तान्तरणका लागि ग्राहकले मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर) उपलब्ध गराइएको Delivery Receipt (हस्तान्तरण रसिद) पेश गर्नुपर्नेछ । सो रसिद बुझाइसकेपछि आनन्द ज्वैलर्सले तोकेको दिन, समय र शाखाबाट चाँदी हस्तान्तरण गर्नेछ ।
- चाँदी लिँदा सोको साथमा आनन्द ज्वैलर्सले प्रचलित कानुनका आधारमा कर-चलान (Tax Invoice) कागजात पनि प्रदान गर्नेछ ।

**वा**

**फ्लोचार्टमा वर्णन :**

सेन्चुरी बैंकमा खाता खोल्ने र मेक्सको ग्राहक बन्ने ।

↓

प्रारम्भिक मार्जिनका रुपमा कुल 'करार मूल्यको १०% + कमिसन' रकम क्लियरिङ्ग सदस्यको खातामा जम्मा गरी क्लियरिङ्ग सदस्यलाई सुचना दिने ।

↓

सो रकम ग्राहकको कारोबार स्थलमा अपडेट हुनेछ ।

↓

ग्राहकले कारोबारस्थलबाट 'किन्ने' आदेश दिने ।

↓

ग्राहकले बाँकि ९०% रकम क्लियरिङ्ग सदस्यको खातामा T + १५ दिनभित्र र इक्विटी हिट हुन अघि बुजाइसक्नु पर्नेछ ।

↓

ग्राहकले बाँकी रकम T + १५ दिनभित्र बुजाएमा

↓

मेक्सले ग्राहकको खुल्ला आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गर्नेछ ।

↓

अन्तत, ग्राहकले आनन्द ज्वैलर्सद्वारा निर्धारित मिति, समय र हस्तान्तरण केन्द्रमा वस्तुको हस्तान्तरण लिन सक्नुहुनेछ ।

## ४) टाथ पल्टिएको अवस्था

- ग्राहक टाथ पल्टिनुका २ वटा अवस्था छन्:

<u>पहिलो अवस्था :</u> करार समाप्ति अघि T + १५ दिन भित्र, करार मूल्यको बाँकी रकम जम्मा नगरेको अवस्था

✓ यदि ग्राहक नोक्सानमा छ भने ग्राहकको पोजिसन, करार समाप्ति परिसमापन समयको बजार मूल्यसंग परिसमापन गरिनेछ ।

✓ यदि नाफामा छ भने, ग्राहकको खुला अवस्था, खुला मूल्यसंग परिसमापन गरिनेछ ।

<u>दोस्रो अवस्था</u>: यदि करार वैधता समयभित्र ग्राहकको खातामा इक्विटी हिट (इक्विटी 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' मा पुग्दा ) हुन्छ भने, ग्राहकको खुला अवस्था बजार मूल्यमा परिसमापन गरिनेछ ।

- माथिका २ अवस्थामा परिसमापन हुनुको नतिजा:

✓ ग्राहकले किनेको वस्तुमा भौतिक हस्तान्तरणको लागि दाबी गर्न सक्नेछैन ।

✓ ग्राहकले वास्तविक नोक्सान व्यहोर्नु पर्नेछ (यदि ग्राहकको कारोबार स्थलमा खुला अवस्था परिसमापनको समयमा नोक्सानमा छ भने )

✓ ग्राहकले फरक मूल्यको नोक्सान व्यहोर्नु पर्नेछ ( जब ग्राहकको परिसमापन मूल्य र नयाँ खरीदारको मूल्यबीच फरक हुन्छ त्यसलाई फरक मूल्यको नोक्सान भनिन्छ)

✓ ग्राहकलाई थप २% जरिवाना लाग्नेछ । यो २% जरिवाना, ग्राहकको वास्तविक नोक्सान र फरक मूल्य नोक्सान घटाएपछिको बाँकि रकममा लाग्नेछ ।

✓ सबै माथी उल्लेखित रकम घटाएर मात्र बाँकी रकम ग्राहकले फिर्ता पाउनेछ ।

- ग्राहकको इक्विटी हिट अवस्थाबारे आनन्द ज्वैलर्सले ग्राहकलाई सुचना दिन सक्दो प्रयास गर्नेछ, तापनि यो आनन्द ज्वैलर्सको जिम्मेवारी होइन । यो बिषयमा ग्राहक स्वयम सचेत हुनुपर्दछ र इक्विटी हिटपूर्व परिसमापनबाट सुरक्षित हुन, आफ्नो खातामा पर्याप्त रकम जम्मा गर्नु पर्दछ ।

## ५) बैंकिङ्ग कारोबार नियम

ग्राहकले क्लियररिङ्ग सदस्यको सेन्चुरी कमर्सियल बैंकमा रहेको सेग्रिगेत खातामा ‘ प्रारम्भिक मार्जिन + कमिसन’ र बाँकी करार मूल्य जम्मा गर्नुपर्ने हुन्छ ।

## ६) गणना सहितको उदाहरण

जस्तै ग्राहकले DSILVER १००० ग्राम रु.६०० प्रति १० ग्राम किनेको छ भने,

| | | |
|---|---|---|
| करारको कुल मूल्य | = | रु.६०० * १०० |
| | = | रु.६०,००० |
| कारोबार शुल्क (कमिसन) | = | रु. ३०० |
| प्रारम्भिक मार्जिन | = | १० % * ६०,००० |
| | = | रु.६,००० |
| इक्विटी हिट लेभल | = | प्रयुक्त मार्जिनको ४% (६,०००) + आधा कमिसन (१६९.५) |
| | = | रु.२४० + रु.१५० |
| | = | रु. ३९० |
| खरिद गर्न आवश्यक रकम | = | प्रारम्भिक मार्जिन + कमिसन |
| | = | रु.६,३०० [६०००+३००] |

करार वैधताभित्र यदि ग्राहकले बाँकी रकम (रु.५४,०००) जम्मा गरेको छैन भने एक्सचेन्जले करार समाप्ति बेलाको बजार मूल्यमा खुला अवस्थाको परिसमापन गर्नेछ र आनन्द ज्वैलर्सले एक नयाँ खरीदारको खोजी गर्नेछ ।

ग्राहकले मूल्य रु. ६०० प्रति १० ग्राममा किनेको थियो र वर्तमान बजार मूल्य रु.५८० प्रति १० ग्राम छ भने

ग्राहकको कारोबारस्थल (ट्रेडिङ सफ्टवेयर)मा हुने वास्तविक घाटा रु.(६०० - ५८०)* १००

= रु.२,०००

यदि नयाँ क्रेता करारको लागि रु.५७० प्रति १० ग्राम तिर्न तयार छ भने, फरक मूल्यको नोक्सान तिर्नु पर्ने दायित्व ग्राहकको हुनेछ ।

फरक मूल्य नोक्सान = रु.(५८० - ५७०)* १००

= रु.१,०००

फेरि, बाँकी रकममा २% जरिवाना लाग्नेछ ,अर्थात्

जरिवाना = २% * [प्रारम्भिक मार्जिन -(वास्तविक घाटा + फरक मूल्य घाटा)]

= २% * [६,००० - (२,००० + १,०००) ]

= २% * ३,०००

= रु. ६०

तसर्थ, ग्राहकले करार वैधता भित्र बाँकी रकम जम्मा गरेको छैन र ग्राहकको खातामा इक्विटी हिट लेभल पुगेको छैन भने ग्राहकले फिर्ता पाउने रकम निम्नअनुसार रहने छ ।

= ६,०००-२,०००-१,०००-६० = रु. २,९४०

**महत्वपूर्ण बुदाँहरु :**

- यो उदाहरण ग्राहक नोक्सानी अवस्थामा छ भने लागु हुन्छ र यहि हिसाब इक्विटी हिटमा पनि लागु हुनेछ ।
- ग्राहक नाफा अवस्थामा छ भने, ग्राहकको खुला अवस्था खुला मूल्यमै परिसमापन गरिनेछ र ग्राहकले फरक मूल्य नोक्सान (यदि छ भने) र २% जरिवाना वहन गर्नुपर्नेछ । ग्राहकले नाफा रकमका लागि दाबी गर्न पाउने छैन ।

## ७) वैधानिक व्यवस्था

- ग्राहकले यस करारमा BUY (खरिद) अर्डर मात्र लिन पाउनेछन् । लिइसकेको अर्डर ग्राहकको कारोबारस्थलमा बन्द गर्ने अधिकार ग्राहकलाई नभई एक्सचेन्जलाई हुनेछ ।

- करारको वैधता पोजिसन लिएको दिनपछि लगातारका दिनहरुमा हुने भएकोले बीचमा पर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय विदाहरुको  गणना ग्राहक आफैले गर्नुपर्नेछ ।